# कालिञ्चोक दर्शन लिमिटेड
# Kalinchowk Darshan Limited

पशुपति भिजन पिंगलास्थान, गौशाला, काठमाण्डौं, नेपाल, फोन नं. : ०१-४११३७१०
इमेल: darshankalinchowk@gmail.com वेभसाइट: www.kalinchowkdarshan.com.np

## साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री खुल्ला बारेको सूचना

कालिञ्चोक दर्शन लिमिटेड कम्पनीको जारी पूँजी रु. ६०,००,००,०००/- (अक्षरेपी सी करोड रुपैंया मात्र) मध्ये २% अर्थात रु.१,२०,००,०००।- (अक्षरेपी एक करोड बीस लाख रुपैंया मात्र) रकम बराबरको रु. १००।- अंकित दरको १,२०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र दोलखा जिल्लामा स्थायी बसोबास गर्ने नेपाली नागरिकहरुको लागि निष्काशन गरी बाँडफाँड गरिएको र बाँकी रहेको १८% अर्थात रु. १०,८०,००,०००।- (अक्षरेपी दस करोड असी लाख रुपैंया मात्र) रकम बराबरको रु.१००।- अंकित दरका १०,८०,००० कित्ता शेयरमध्ये १,०८,००० कित्ता वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई (१०%) र ५४,००० कित्ता (५%) सामूहिक लगानी कोषहरुको लागि बाँडफाँड गरिएको र २१,६०० कित्ता कम्पनीमा कार्यरत कर्मचारीहरुलाई (२%) छुट्ट्याई बाँकी ८,९६,४०० कित्ता शेयर सर्वसाधारणका लागि **आज मिति २०७९ माघ ३ गतेदेखि** निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

| | |
|---|---|
| **दरखास्त दिनु पर्ने न्यूनतम् शेयर संख्या : १० कित्ता** | **दरखास्त दिन पाउने अधिकतम् शेयर संख्या : ४,९९० कित्ता** |

| क्र.सं. | विवरण-पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु : |
|---|---|
| १. | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौ। वेभसाइट www.nabilinvest.com.np |

साथै, निष्काशनकर्ता कम्पनीको वेभसाइट www.kalinchowkdarshan.com.np एवं नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट समेत यस निष्कासनको लागि स्वीकृत विवरणपत्र हेर्न सक्नु हुनेछ।

| क्र.सं. | दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान: |
|---|---|
| १. | तोकिएको आवेदन फाराम भरी नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरुका साथै मेरो शेयर खाता मार्फत आवेदन दिन सकिने छ। |

| साधारण शेयरको बिक्री खुल्ला अवधि: | |
|---|---|
| निष्काशन खुल्ला मिति | : २०७९/१०/०३ गतेदेखि |
| निष्काशन बन्द हुने मिति (छिटोमा) | : २०७९/१०/०६ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |
| निष्काशन बन्द हुने मिति (ढिलोमा) | : २०७९/१०/१७ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |

**दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्ने।**

**नेटवर्थ सम्बन्धी विवरण:**

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व.०७५/७६ | आ.व.०७६/७७ | आ.व.०७७/७८ | आ.व. २०७८/७९ आषाढ मसान्त | आ.व.०७९/८० | आ.व.०८०/८१ | आ.व.०८१/८२ |
| प्रति शेयर नेटवर्थ (रु.) | ७६.१९ | ८०.६८ | ७८.१५ | ८९.३४ | ९६ | १०५.२ | ११३.८३ |
| प्रति शेयर आम्दानी | (१०) | (७.०५) | (२.५३) | २.७७ | ४.५३ | ९.२० | १८.६३ |
| संचित नाफा/(नोक्सानी) (रु. हजारमा) | (३ ६,१९८.३५) | (५६,९८८.५९) | (६४,४५८.६५) | (५१,१६६.४६) | (२३,९७३.५३) | ३१,२१०.४८ | ८२,९६७.८७ |

### क्रेडिट रेटिङ्ग सम्बन्धमा

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (चौथौ संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लि.,कमलादी, काठमाण्डौबाट इस्यूर रेटिङ्ग गराई मार्च २२, २०२२ (मिति २०७८/१२/०८) गते "CARE-NP BB+ (Is) [pronounced Double B plus (Issuer)]" प्रमाणपत्र प्राप्त गरेको छ। "CARE-NP BB+ (Is) [pronounced Double B plus (Issuer)]" ले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा मध्यमस्तरको जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने जनाउँदछ। सो ग्रेडिङ्ग को बैद्यता अवधि एक वर्ष रहने छ। केयर रेटिङ्ग नेपाल लि.ले CARE-NP AAA (Is) देखि CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड CARE-NP AAA (IS) ले बलियो आधार जनाउँदछ भने ग्रेड CARE-NP D (IS) ले कमजोर आधारहरु जनाउँछ। सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा ग.२२ (ट) मा उल्लेख गरिएको छ।

इस्युर रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०७८।१२।०८ (तदनुसार मार्च २२, २०२२) बहाल रहने अवधि २०७९।१२।०४ (तदनुसार मार्च १८,२०२३)

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०७९ पौष २३ गतेको "नयाँपत्रिका"** राष्ट्रिय दैनिकमा प्रकाशित आव्हान-पत्र वा निष्काशन कम्पनीको वेबसाइट www.kalinchowkdarshan.com.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइट www.nabilinvest.com.np मा हेर्नुहुन अनुरोध गर्दछौं।

**निष्काशन तथा बिक्री प्रबन्धक:**

**NABIL® INVESTMENT BANKING LTD.**
**(A Subsidiary of Nabil Bank Ltd.)**
**नबिल इन्भेष्टमेन्ट बैंकिंङ्ग लिमिटेड**

तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं, फोन: ४४११६०४, ४४११७३३, फ्याक्स: ४४१०५५४
Email: info@nabilinvest.com.np, Url: www.nabilinvest.com.np

मिति २०७९ माघ ३ गतेको कारोबार दैनिकमा प्रकाशित गर्ने